२०८१ असार २ गते तदनुसार June 16, 2024 आईतबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. राहत तथा आर्थिक सहयोग सम्बन्धमा ।

२. उद्यम विकास सहजकर्ताको राजीनामा सम्बन्धमा ।

३. सामुदायिक मनोसामाजिक कार्यकर्ताको सेवा करार भंग गर्ने सम्बन्धमा ।

४. सडक बत्ति मिटर जडान तथा महशुल भुक्तानी सम्बन्धमा ।

५. मानेभन्ज्याङ केत्तुके जिपलाईन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ पारित सम्बन्धमा ।

६. सिसाजन्य बोतलहरुको बिक्री वितरणमा रोक लगाउने सम्बन्धमा ।

७. प्रतिनिधि तोकी पठाइएको सम्बन्धमा ।

बैठकका निर्णयहरु:

निर्णय नं.१: यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. ९ निवासी कृते सार्कीको नाती टुकुने सार्कीको छोरा रिठ्ठे सार्कीको जग्गा जमिन केही नभएको र घर पनि नभएको हुनाले घर निर्माण गर्ने प्रयोजनको लागि आवश्यक आर्थिक सहयोग माग भइ आएकोले निजलाई आर्थिक सहायता स्वरुप रु.१०,०००/- अक्षरुपी दश हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-२: यस गाउँपालिकामा मिति २०७८/०९/१६ गतेदेखी उद्यम विकास सहजकर्ता (चौथो तह) पदमा सेवा करार भइ कार्यरत जगन प्यारी थारुले आफ्नो औपचारिक अध्ययनको लागि जानु पर्ने भनी राजीनामा मिति २०८१/०२/३२ मा २०८१ असार १ गतेदेखी नै लागू हुने गरी पेश गर्नुभएको हुँदा निजको राजीनामा स्वीकृत गर्ने निर्णय गरियो ।साथै यो आ.व.२०८०/८१ को बाँकी कार्यक्रम सञ्चालन गर्न मेड्पाको फोकल पर्सनलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं.-३: लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना अन्तरगत यस गाउँपालिकाको वडा नं. ४ केत्तुके कार्यक्षेत्रमा कार्यरत सामुदायिक मनोसामाजिक कार्यकर्ता सित्तलु बि.क. सुत्केरी बिदामा मिति २०८०/११/०७ देखी २०८१/०१/०६ सम्म स्वीकृत भएकोमा हालसम्म कार्यालयमा जानकारी नगराई कार्यालयमा अनुपस्थित रहेकोले सेवा करार सम्झौतामा उल्लेखित शर्त अनुसार सात दिनसम्म कार्यालयमा जानकारी नगराई अनुपस्थित रहेमा कार्यालयले दोस्रो व्यवस्था गर्न बाधा नपर्ने भन्ने व्यहोरा उल्लेखित भए बमोजिम निजसँगको सेवा करार भंग गरी अनुपस्थित रहेको समयको तलब भत्ता भुक्तानी नहुने निर्णय गरियो ।

निर्णय नं. ४: मानेभन्ज्याङ गाउँपालिकाको वडा नं. ४ को केत्तुके बजार, वडा नं. ५ को मानेभन्ज्याङ बजार र वडा नं. ६ को जयराम बजार र मितेरी भन्ज्याङमा जडान गरिएको सडक बत्तिको मिटर नेपाल विद्युत प्राधिकरण ओखलढुङ्गासँग जडानको लागि अनुरोध गर्ने र सो जडान र मासिक महशुल गाउँपालिकाको वैकल्पिक उर्जा कार्यक्रम सडक बत्ति जडान शीर्षक अन्तरगत विनियोजित बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५: मानेभन्ज्याङ केत्तुके जिप लाईन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ लाई आजको कार्यपालिका बैठकबाट पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: यस गाउँपालिकाको बजार क्षेत्रभित्र रहेका पसलहरुमा बिक्री बितरण गरिने मदिराजन्य सिसाको बोतलका पेय पदार्थहरु बिक्रि वितरणमा रोक लगाई क्यानमा उत्पादित मदिराजन्य पेय पदार्थहरुमात्र बिक्रि वितरणको लागि आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: यस मानेभन्ज्याङ गाउँपालिकाको नाममा जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा परेको विभिन्न मुद्दा मामिलाहरुमा यस गाउँपालिकाको कानुनी सल्लाहकार अधिवक्ता श्री मदन कुमार राईलाई सम्पूर्ण कार्य गर्नका लागि अख्तियारी दिई प्रतिनिधि तोकी पठाउने निर्णय गरियो ।



CamScanner